# त्रिपुरासुन्दरी गा.पा. को उपाध्यक्ष
# देवी कुमारी पाण्डे (वुर्लाकोटी) ज्यू बाट
# आ.व. २०७८।०७९ को नवौं गाउँसभा मा प्रस्तुत गरिएको वजेट वक्तव्य
# २०७८।०३।१०

त्रिपुरासुन्दरी गाउँपालिकाको सम्मानित नवौं गाउँसभाका आदरणिय सभाध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, वार्ड अध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरु, विभिन्न राजनितिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी साथीहरु सामाजिक संघ संस्था प्रमुख तथा प्रतिनिधि ज्यूहरु, पत्रकार तथा सञ्चारकर्मी मित्रहरु, सुरक्षाकर्मी मित्रहरु तथा आमन्त्रित सम्पूर्ण व्यक्तित्वहरुमा आजको यो सम्मानित नवौं गाउँसभामा हार्दिक नमस्कार गर्दछु ।

आज हामी यस गा.पा. को नवौं गाउँसभामा उपस्थित भई लोकतान्त्रिक मूल्य र मान्यता अनूरुप कार्यक्रम प्रस्तुत गरिरहेका छौ । सम्मानित गाउँसभामा वजेट प्रस्तुत गर्न पाउदा खुशी साथ गौरवशाली ठानेको छु । सर्वप्रथम नेपाली जनताले नेपालको इतिहासमा राज्यको फरक फरक व्यवस्था परिवर्तनको लागि विभिन्न आन्दोलन जन आन्दोलनमा भाग लिई अहिलेसम्म स्थापित भएको लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा आफ्ने जीवनदान गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै घाइते अपाङ्गता, वेपत्ता हुनुभएका सम्पूर्ण व्यक्तित्वहरुमा सम्मान प्रकट गर्दै उहाँहरुको परिवारजनहरुका साथ रहि काम गर्ने वाचा प्रकट गर्दछु ।साथै covid-19 कारण विरामी भैरहनु भएका नागरिकहरुलाई शिघ्र स्वास्थ्य लाभको कामना गर्दै मृत्यु हुनेहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

१) नेपाल स्वाधिन सार्वभौमसत्ता सम्पन्न भौगोलिक अखण्डता, राष्ट्रिय एकता सम्पन्न मुलुक हो । हाम्रो वर्तमान अझै जटिल र चुनौतीपूर्ण रहेता पनि विगत गौरवपूर्ण छ र हाम्रो भविष्य उज्वल र सम्भावना युक्त छ । फरक समयमा नेपाली जनताले गरेका वलिदानी पूर्ण जनआन्दोलन मधेस आन्दोलन, जनयुद्धलगायतका परिवर्तनकारी आन्दोलन वाट नेपालको संविधान २०७२ घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभुति गरिरहेका छन् । संविधानको स्विकार्यता गर्दै कार्यन्वयनको चरणमा यो जटिल र चुनौतीपूर्णा पनि छ तर यसलाई अवसरको रुपमा लिई अघि बढेको छु र अझै अगाडि बढ्ने प्रतिवद्धता जाहेर गर्दछु ।

२) स्थानीय तहको निर्वाचन पश्चात स्थानिय सरकार विकास निर्माणमा प्रत्येक जनता आफै संलग्न हुने वातावरण छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग र जनचाहाना पुरा गर्ने अवको हाम्रो वाटो तिव्र आर्थिक विकास गर्नु हो । राजनीतिक प्रणाली प्रति जनताले भरोसा वढाउदै लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहलाई वलियो वनाउनु संस्थागत गर्नु लोकतन्त्रलाई वलियो वनाउनु हो ।

३) नेपालको संविधानको व्यवस्था गरे अनुसार तीन तहका सरकारहरु मध्ये जनताको आफ्नो झ्याल ढोका आँगन र सडकमा जति वेला पनि देख्न वोल्न छुन र आफ्ना विविध समस्या, सुझाव र समाधानका उपाएहरु वताउन सक्ने सरकार हो ।र यस्ता जनसेवामुलक तथा सम्पूर्ण विकास निर्माणको काममा हामी निरन्तर लागि रहेका छौं । नेपालको चुनावी वर्षहरुको हिसावले यो 2078/79 सालको वजेट निति तथा कार्यक्रम हाम्रो यो कार्यकालको अन्तिम वजेट हो । यहाँसम्म आईपुग्दा हामीले धेरै विकास निर्माणको कार्यहरुमा अगाडि वढी रहेका छौं । यसमा आएका राम्रा सुधार गर्नुपर्ने पक्षलाई जहिले पनि आम त्रिपुरासुन्दरी वासी आदरणिय नागरिकहरुसँग सहकार्य गरी अघि बढ्ने वाचा व्यक्त गर्दछु । विकासका अवसरहरुलाई भरपुर सदुपयोग गर्दै चुनौतीहरुलाई समाधान गरी चिर्दै जाने वाचा गर्दछु ।

४) विश्वव्यापी रुपमा फैलिएको covid-19 को महामारी र अहिले सम्म आईपुग्दा लकडाउन, तथा लकडाउनको समयमा गा.पा. ले चालेका कदमहरु नागरिक आगमनमा सहजीकरण, राहात वितरण, क्वारेन्टाइन, आइसोलेसन तथा नागरिकको घर, टोल, वार्ड र phc मा दिन पर्ने स्वास्थ्य सेवा प्राविधिक स्वास्थ्यकर्मी जनशक्तिले भ्याएसम्म सेवा पुर्याएको र अझै थप सेवाहरु महामारी नियन्त्रणको लागि पहिलो प्राथमिकताको साथ लाग्ने प्रतिवद्धता गर्दछु । covid-19 का कारण अघिल्लो आ.व. र यस आ.व. मा केहि विकास निर्माणको कार्यहरुमा असर तथा ढिलासुस्ती भएता पनि यि कार्यहरुलाई निरन्तरता दिई पुरा गर्ने तिर लाग्ने छौं । ठेक्कामार्फत काम गरिएका गा.पा. को ठूला गौरवका आयोजनाहरुलाई गुणस्तर मापन गरी पूर्ण गर्न उन्मुख हुनेछौं ।

## ***सभाका सभाध्यक्ष महोदय***

म यस आ.व. २०७८।०७९ को वजेटको साथ **सोच**, **लक्ष्य**, **उद्देश्य र प्राथमिकताहरु** लाई निम्न अनुसार प्रस्तुत गर्न चाहन्छु ।

**सोच :-** **"कृषि, जलस्रोत, पर्यटन र पूर्वाधार, सम्वृद्ध समाज त्रिपुरासुन्दरीको आधार"** भन्ने नारालाई साक्षात्कार गर्दै व्यावसायिक कृषि तथा रोजगारीमा वृद्धि गर्दै आम नागरिकको आर्थिक जीवनस्तरमा वृद्धि गर्ने ।

## लक्ष्य (Goals) :-

गाउँपालिकाको समग्र विकासलाई दुरदृष्टि सहितको आर्थिक वृद्धि गर्दै सामाजिक न्याय सहितको आर्थिक वृद्धि गर्दै जनताको आय रोजगारी र जीवनस्तरमा वृद्धि गर्दै

लगिने छ ।वार्षिक वजेट तथा आवधिक निर्माण गरी उक्त कार्यक्रमहरुले सामाजिक तथा वातावरणिय विकासमा योगदान पुर्याउदै उच्च नतिजा हासिल गरिने छ ।

## उद्देश्य (Objectives) :–

क) नेपालको संविधान २०७२ र स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको जिम्मेवारी र कर्तव्य पूरा गर्ने ।

ख) जनस्वास्थ्यको दृष्टिले स्वास्थ्य पर्यावरमैत्री भौतिक पूर्वाधार निर्माण गरी प्राकृतिक स्रोत र मानव स्रोतलाई उच्चतम प्रयोग गर्दै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–19 लाई नियन्त्रणको लागि उपलब्धिमुलक रुपबाट अगाडी बढिनेछ ।

ग) कृषि पशुपालन एवं साना र मझौला उद्यम व्यावसायलाई वढावा दिइने छ ।

घ) प्रशासनलाई पारदर्शी जिम्मेवारी र जवाफदेही वनाउने ।

ङ) राज्य र गा.पा. वाट प्रदान गरिने सेवा सुविधा आम नागरिकको सहज पहुँच अभिवृद्धि गरी भौतिक, आर्थिक सामाजिक र सांस्कृतिक रुपान्तरण गर्दै लगिने छ ।

च) उत्पादनशील, रोजगार उन्मुख न्यायपूर्ण वितरणको माध्यमवाट आर्थिक वृद्धि हाँसिल गरी गरिवी र वेरोजगारी घटाउदै लगिने छ ।

छ) आर्थिक विकासमा तिव्रता दिनु समपुरक अनुदान, विशेष अनुदान, साझेदारी कार्यक्रम र गा.पा. गौरवका आयोजनाहरुलाई प्राथमिकताको आधारमा अघि वढाउँदै जाने ।

ज) जेष्ठ नागरिक, महिला, दलित, आदिवासी, जनजाती, शारीरिक अपाङ्गता भएका व्यक्तिहरु, पिछडा वर्ग तथा क्षेत्रगत विकासमा जोड दिदै समावेशी तथा दिगो विकास अवधारणालाई कार्यान्वयन गरिनेछ ।

***वजेटले लिएको माथिका उद्देश्यहरु हाँसिल गर्न निम्नानुसारको कार्यक्रमलाई प्राथमिकतामा राखेको छु ।***

## प्राथमिकताहरु :–

क) दिगो वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने

ख) आधारभूत शिक्षा, स्वास्थ्य, खा.पा. तथा सरसफाईमा पहुँच वृद्धि गर्दै जाने ।

ग) संक्रमणकारी महामारी **COVID-19** को नियन्त्रण र उपचारलाई प्राथमिकताका साथ काम गर्न विशेष पहल कदमी गरिनेछ ।

घ) कृषि घरेलु साना उद्यम व्यवसायी, पशुपालकलाई व्यवसायीकरण गरी आर्थिक विकासमा स्रोत र श्रमको उच्चतम प्रयोग गर्दै स्वरोजगार सिर्जना गरिने छ ।

ङ) स्थानीय उत्पादन र उत्पादकत्वलाई वृद्धि गर्ने, प्रभावकारी सेवा सुविधा प्रवाहको सुनिश्चितता गर्ने ।

च) लैंङ्गिक तथा सामाजिक समावेशीकरणलाई संविधानको मर्मअनुसार कार्यान्वयन गर्दै लगिनेछ ।

छ) सूचना तथा प्रविधिलाई प्रभावकारी र सेवामा आधारित बनाइने छ ।

ज) सदाचार र सुशासनलाई प्रभावकारी गर्दै लगिने छ ।

ञ) विपद व्यवस्थापन उद्धार, राहत र पुनस्थापना गरिदै लगिने छ ।

## आयोजना छनौटको प्राथामिकी करणलाई उपलब्धिमुलक बनाउनका लागि निम्नानुसारको विशिष्टिकृत क्षेत्रलाई पहिचानमा राखेको छु ।

क) ग्रामिण क्षेत्रको आर्थिक विकास र गरिवी निवारणलाई प्रत्यक्ष योगदान दिने ।
ख) शिक्षा, स्वास्थ्य (कोभिड-19 समेत), खा.पा. सरसफाई र सिंचाईमा लगानी गर्ने ।
ग) उत्पादनमुखी दिगो रोजगारी दिने ।
घ) ठूला क्रमागत वजेटहरुको हकमा (आवधिक योजना) वढिमा ३ वर्षमा प्रतिफल दिने ।
ङ) राजस्व परिचालन र आन्तरिक आयवृद्धिमा दिगो योगदान दिने ।
च) सेवा प्रवाह संस्थागत विकास सुशासनमा योगदान दिने ।
छ) स्थानिय स्रोत र साधन प्रविधिमा आधारित भई जन-सहभागितामा वृद्धि गर्ने ।
ज) लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सामाजिक सद्भाव तथा भाइचारामा वृद्धि गर्ने ।

झ) दिगो विकास वातावरण संरक्षण र विपद् व्यवस्थापनमा सहयोग गर्ने ।

ञ) स्थान विशेषको सांस्कृतिक पहिचान एवं प्रर्वद्धन गर्ने ।
ट) सूचना प्रविधिलाई व्यवस्थित गर्दै अधिकतम कार्यान्वयन गरिने छ ।
ठ) गा.पा. तथा वार्डहरुबाट हुने सेवा प्रवाहहरुलाई गुणस्तरिय चुस्त एवम् सहज बनाउने ।
ड) गा.पा. को समग्र विकासको लागि सरकारी, सहकारी, गैर सरकारी, तथा निजी संघ संस्थाहरुसँग सहकार्य गर्दै अगाडि बढ्ने ।

आ.व. 2077/78 को चालु तथा पुँजीगत शीर्षकमा रहेका अहिलेसम्को खर्चको प्रतिशत निम्न अनुसार रहेको छ ।

| **शीर्षक** | **वजेट** | **खर्च** | **खर्च प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| चालु | 36 करोड 8 लाख 15 हजार 1रुपैया | 22 करोड 22 लाख 92 हजार 3 सय 16 रुपैया | 61.61 | |
| पुंजी | 28 करोड 66 लाख 4 हजार 4 सय 50 रुपैया | 11 करोड 15 लाख 77 हजार 3 सय 47 रुपैया | 38.93 | ठेक्का सहित **(ठेक्का बाहेक 77.9 %)** |

**गाउँसभाका सभाअध्यक्षज्यू,प्रमुख अतिथिज्यू , अतिथिज्यूहरु ,गाउँसभा सदस्यज्यूहरु, कर्मचारीज्यूहरु तथा उपश्थित सम्पूर्ण महानुभावहरु !**

**अव म यस आगामी आ.व ०७८/०७९ को सङ्घीय सरकार ,प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण ,सशर्त अनुदान, बिशेष अनुदान ,समपुरक अनुदान, राजश्व बांडफांड प्राप्त रकम साथै अनुमानित आन्तरिक राजश्व र गत बर्षको मौज्दात रकमका आधारमा समग्र बजेट गरिमामय सभासमक्ष प्रस्तुत गर्न चाहन्छु |**

| **शिर्षक** | **वित्तीय समानीकरण** | **शसर्त अनुदान** | **बिशेष अनुदान** | **समपुरक अनुदान** | **राजश्व बाँडफाड** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **संघीय सरकार** | **१३ करोड ७० लाख** | **२२ करोड ६३ लाख** | **१ करोड ६७ लाख** | **२ करोड ८ लाख** | **६ करोड ७७ लाख ६७ हजार** | **४६ करोड ८५ लाख ६७ हजार** |
| **प्रदेश सरकारबाट प्राप्त** | **१ करोड १८ लाख ३० हजार** | **१ करोड ८३ लाख ९ हजार** | **-** | **१ करोड ७१ लाख १८ हजार** | **१ करोड ५६ लाख ४२ हजार ८ सय ७५** | **६ करोड २८ लाख ९९ हजार ८ सय ७५** |
| **आन्तरिक राजश्व** | **-** | **-** | **-** | **-** | **-** | **२ करोड ३ लाख (अनुमानित )** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जम्मा** | **१४ करोड ८८ लाख ३० हजार** | **२३ करोड ४६ लाख ९ हजार** | **१ करोड ६७ लाख** | **३ करोड ७९ लाख १८ हजार** | **८ करोड ३४ लाख ९ हजार ८ सय ७५ रुपयाँ** | **५५करोड १७ लाख ६६ हजार ८ सय ७५ रुपयाँ** |
| **गत वर्षको बाँकी मौज्दात** | | | | | | **६ करोड १५ लाख** |
| जिल्ला समन्वय समितिबाट प्राप्त समपुरक अनुदान | | | | | | २ करोड |
| | | | | | | |
| **कुल जम्मा** | | | | | | ६३ करोड ३२ लाख ६६ हजार आठ सय पचहत्तर रुपयाँ |

**चालु तर्फ कुल बजेट ;रु.३६००६६(रु.हजारमा) ,पुँजीगत तर्फ कुल बजेट रु.;२७३२००(रु.हजारमा )|**

**यसका अलवा सङ्घीय सरकार, प्रदेश सरकारको रातोकिताब र विभिन्न क्षेत्रगत रुपमा प्राप्त हुने क्रमागत बजेटहरुलाई यसमा समाबेश गरिएको छैन|**

सम्माननिय नवौं गाउँसभामा आ.व. 2078/079 को वजेट आय, व्याय, राजस्व अनुमान, अनुदान प्राप्ति, व्याय अनुमान वित्तिय व्यवस्थापनको अनुमान कार्यक्षेत्रगत व्याय अनुमान वार्षिक विकास कार्यक्रम शसर्त अनुदानको कार्यक्रम, समपुरक अनुदानको कार्यक्रम अनुसुचीहरुमा उल्लेख गरेको छु ।

सभाध्यक्ष महोदय, लगायत सम्पूर्ण महानुभावहरु अहिले विश्वव्यापी रुपमा फैलिएको **COVID-19** को पहिलो तथा दोस्रो भेरियन्ट संक्रमणको अवस्थामा मैले गा.पा. को समग्र विकासमा सवैको साथ सहयोग अपेक्षा गरेको छु । वजेट निर्माणको क्रममा संघिय लोकतान्त्रिक व्यवस्थाको तीन तहको सरकार मध्ये पहिलो पटक चुनावी प्रकृया पुरा गरी स्थानिय सरकारको रुपमा मैले यस गा.पा. मा ल्याएको यो कार्यकालको पछिल्लो वजेट हुनेछ । र यसको प्रभावकारी कार्यन्वयनको लागि जसरी अघिल्ला आ.व.हरुमा सम्पूर्ण सरोकारवाला आदरणिय त्रिपुरासुन्दरी वासीहरु असाध्यै इमान्दार भई कार्यन्वयनमा सहयोग गर्नुभयो यसको लागि विशेष धन्यवाद दिदै यो आ.व.को वजेटलाई पनि अझै गुणस्तरियताको साथ कार्यान्वयन, अनुगमन र सुझाव दिई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु । आगामी दिनहरुमा आदरणिय गाउँपालिका वासीहरुको रचनात्मक सुझाव, विकासमा समन्वयात्मक भूमिका निर्वाह गर्दै जन चाहना अनुरुप अगाडी वढ्ने प्रतिवद्धता प्रकट गर्दछु । सवैको साथ र सहयोगबाट समृद्ध र सक्षम त्रिपुरासुन्दरी गा.पा. निर्माण गर्दै यसलाई नगरपालिका वनाउने हामी सवैको इच्छा पुरा गर्नको लागि सवैको सकारात्मक सोचका साथ अघि बढ्न गा.पा. वासीलाई अव्हान गर्दछु । covid-19 को संक्रमणबाट वच्न सवैले आ–आफ्नो स्थानबाट सहयोग गरौं ।
अन्त्यमा वजेट निर्माणको क्रममा आवश्यक सुझाव र सहयोग गर्नुहुने अध्यक्ष लगायत जनप्रतिनिधि साथीहरु, राजनितिक दलका अग्रजहरु, वुद्धिजिवी समाजसेवी, आम नागरिकहरुलाई धन्यवाद आभार प्रकट गर्दछु । गा.पा. को आन्तरिक आयमा सहयोग गरी प्रक्रृयागत रुपमा आ–आफ्नो व्यवसाय सञ्चालन गरी राजश्व वृद्धिमा सहयोग गर्नुहुने सम्पूर्ण उद्यमी व्यापारी तथा करदाताहरुमा धन्यवाद प्रकट गर्दछु ।

आगामी दिनहरुमा सम्पूर्ण आदरणिय गाउँपालिका वासीहरुको रचनात्मक, सुझाव, विकासमा समन्वयात्मक भूमिका खेल्दै जनचाहाना अनुरुप अगाडी वढ्दै यहाँहरुको सुख–दुखमा हात मिलाउँदै अगाडि बढ्ने प्रतिवद्धता जाहेर गर्दछु । सवैको साथ र सहयोगवाट समृद्ध त्रिपुरासुन्दरी गा.पा. बनाउन र निकट भविष्यमै यसलाई नगरपालिका बनाउनका लागि विकास निर्माणमा जुट्न आव्हान गर्दछु ।
गाउँपालिका वासीहरुको चाहना अनुरुप विकासमा तिव्रता दिँदै यहाँहरुको सुझावलाई शिरोधार्य गर्दै आफूलाई समाजसेवामा समर्पित गरी अघि बढ्ने वाचा गर्दछु ।सम्पूर्ण त्रिपुरासुन्दरी आदरणिय महानुभावहरुको सुख समृद्धिको कामना गर्दै यहाँहरुको व्यक्तिगत र सामाजिक जीवनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद
नमस्कार

उपाध्यक्ष
त्रिपुरासुन्दरी गा.पा., धादिङ
देवी कुमारी पाण्डे (वुर्लाकोटी)
२०७८।०३।१०